नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नेपालगञ्ज, बाँके

प.स.: ०७६।७७
च.नं.: ५५४८

मिति : २०७६/१२/१६

विषय : **निर्णयको प्रतिलिपी पठाएको ।**

श्री नेपालगंज उपमहानगरपालिकाको कार्यालय, बाँके ।
श्री कोहलपुर नगरपालिकाको कार्यालय, बाँके ।
श्री राप्तीसोनारी गाउँपालिकाको कार्यालय, बाँके ।
श्री बैजनाथ गाउँपालिकाको कार्यालय, बाँके ।
श्री खजुरा गाउँपालिकाको कार्यालय, बाँके ।
श्री जानकी गाउँपालिकाको कार्यालय, बाँके ।
श्री डुडुवा गाउँपालिकाको कार्यालय, बाँके ।
श्री नरैनापुर गाउँपालिकाको कार्यालय, बाँके ।

आज मिति २०७६।१२।१६ गते प्रमुख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्काज्यूको संयोजकत्वमा बसेको कोरोना भाईरस (COVID-19) नियन्त्रण सम्बन्धि बैठकको निर्णय पाना-३ (तिन) यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७६।१२।१६
प्रशासकीय अधिकृत

आज मिति २०७६।१२।१६ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्का ज्यूको संयोजकत्वमा जि.प्रशासन कार्यालय बैतडीको हलमा covid-19 को रोकथाम तथा नियन्त्रण सम्बन्धमा स्थानिय तह र जिल्ला सुरक्षा समितिका पदाधिकारी तथा निम्नानुसारको उपस्थितिमा देहाय अनुसारका निर्णय गरियो ।

उपस्थिति:

प्र.जि.अ. श्री कुमार बहादुर खड्का — संयोजक
संयोजक श्री अभय कुमार श्रीवास्तव — जि.स.स. बैतडी
प्रमुख श्री धवल शम्शेर राणा — न.ग.उप.म.न.पा. बैतडी
उप-प्रमुख श्री उमा थापा मगर — " — " —

प्र.से.(गणपति) श्री नकुल थापा — भैरव प्रसाद गण, रौंझा
प्र.उ. श्री बीर बहादुर ओली — जि.प्रहरी का. बैतडी
स.प्र.उ. श्री दीपक अधिकारी — स.प्र.बल नेपाल ३१ गण, ३०
उप.अनु.नि. श्री कमल प्रसाद भट्टराई — रा.अ.जि.का. बैतडी
स.प्र.जि.अ. श्री दीर्घराज उपाध्याय — जि.प्रशा.का. "
स.प्र.ना.उ. श्री शिव बहादुर सिंह — जि.प्र.का. बैतडी
प्र.नि. श्री हरि बहादुर बस्नेत — वडा प्रहरी गो.-बैतडी
अध्यक्ष श्री ठाकुर सिंह धामी — पत्रकार महासंघ, जि.शा.स. बैतडी
सचिव श्री तिलक गाउले — " "
अध्यक्ष श्री अब्दुल वाहिद मन्सुरी — उ.वा.संघ, बैतडी
महासचिव श्री चिरञ्जीवी ओली — ने.उ.उ.वा. संघ बैतडी
प्र.जि. हुकेन्द्र कुं. माफकोटे — जि.प्र.डा. बैतडी
प्र.अ. हरिश्चन्द्र शर्मा — जि.प्रशा.प्र. बैतडी

निर्णय नं. १) बाँके जिल्लामा कार्यक्षेत्र भई हाल Lock Down का कारण निर्माण/उत्पादन कार्य बन्द भई अलपत्र परेका कर्मचारी/कामदारहरूलाई निजको घर ठेगानामा जान अनुमती दिने।

निर्णय नं. २) सबै स्थानिय तहले वडा तहमा दैनिक उपभोग्य वस्तुको आपूर्ति निर्वाध रूपमा हुने व्यवस्था मिलाउने। सबै वडाहरूले Lock Down को आदेशलाई प्रभावकारी बनाउन व्यापक प्रचार प्रसार गर्ने/गराउने।

निर्णय नं. ३) सबै स्थानिय तहहरूले १४ दिन यता भारत तथा तेस्रो मुलुकबाट आएका नागरिकहरूको विस्तृत अभिलेख तयार गरी स्थानिय तह र जिल्ला प्रशासन कार्यालयमा पठाउने।

निर्णय नं. ४) सबै स्थानिय तहका एम्बुलेन्सहरू सम्बन्धित तहको स्वास्थ्य शाखामा stand by राख्ने र अन्य एम्बुलेन्सहरू भेरी अस्पतालमा stand by (तयारी अवस्था) मा राख्ने।

निर्णय नं. ५) अत्यावश्यक सेवा र कार्यमा संलग्न कर्मचारी र कामदारहरूले प्रयोग गरेका सवारी साधनलाई निजको परिचयपत्रको आधारमा सञ्चालन गर्न दिने। सो बाहेक र अनुमती पास नभएका सबै सवारी साधन कडाईका साथ रोक्ने।

निर्णय नं. ६) नेपालगंजमा रहेका बडी अमघर र भिडभाड हुने सबै चोक/चौबाटोलाई सुरक्षा घेरामा राख्ने।

निर्णय नं. ७) तेस्रो मुलुकबाट १४ दिन यता आएका नागरिकहरूलाई स्थानिय प्रशासनको समन्वयमा सम्बन्धित स्थानिय तहले अनिवार्य रूपमा क्वारेन्टाइनमा राख्ने।

निर्णय नं. ८) सबै स्थानिय तहहरुको प्रदेश सरकारले तोके बमोजिमको बेड संख्याको क्वारेन्टाइन स्थानिय प्रशासनको समन्वयमा तयार गरी संचालनमा ल्याउने।

निर्णय नं. ९) राहत वितरण गर्दा स्थानिय प्रशासनको समन्वयमा सम्बन्धित स्थानिय तहको नेतृत्वमा मात्र वितरण कार्य गर्ने। व्यक्तिगत रुपमा राहत वितरण गर्न नपाउने।

निर्णय नं. १०) कृषिजन्य औजार (ट्याक्टर, ट्रली, थ्रेसर लगायत) लाई पनि Lock Down को अवधिमा निर्बाध रुपमा संचालन हुन दिने।